जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ६८ २०७९ साल असोज २२ गते शनिबार (8 Oct 2022 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : बारा दुर्घटनाका बालक भन्छन्-बुबाको.. ३ पृष्ठमा : उम्मेदवारले मनोनयन.. ३ पृष्ठमा : नोबेल शान्ति पुरस्कार...

# सप्तरीमा चार लाख १८ हजार तीन सय ७४ मतदाताले मतदान गर्न पाउने

**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा चार लाख १८ हजार तीन सय ७४ मतदाताले सप्तरीमा मतदान गर्न पाउने भएका छन् ।

मंसिर ३ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदातालाई मतदान गर्न पाउने व्यवस्था गरिएअनुसार दुई हजार पाँच सय ३९ महिला र तीन हजार तीन सय ९० गरि पाँच हजार नौ सय २९ मतदाता थपिएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

मतदाता सूचीमा नाम दर्ता भएका मतदातामध्ये दुई लाख १७ हजार दुई सय ८२ पुरुष, दुई लाख एक हजार ७१ महिला र २१ जना अन्य रहेको जिल्ला निर्वाचन अधिकारी रमेशकुमार जोशीले बताउनुभयो । वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा जिल्लाका १८ स्थानीय तहमा चार लाख १२ हजार चार सय ४५ मतदाता थिए । जस्मा महिला एक लाख ९८ हजार पाँच सय ३२, पुरुष दुई लाख १३ हजार आठ सय ९२ र २१ अन्य थिए ।

निर्वाचन आयोगले गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा पनि निर्वाचनको अघिल्लो दिन १८ वर्ष उमेर पुगेर मतदाता सूचीमा नाम भएका मतदातालाई मतदानमा सहभागी हुन पाउने व्यवस्था गरेको थियो । त्यसअघिका निर्वाचनमा निर्वाचनको मिति घोषणा भएको दिनसम्म १८ वर्ष पूरा भएका नागरिकलाई मात्र मतदानको व्यवस्था गरिँदै आएको थियो ।

जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी उमेश यादवका अनुसार सप्तरीमा सबैभन्दा बढी निर्वाचन क्षेत्र नं १ मा ५८ हजार दुई सय २९ पुरुष, ५४ हजार नौ सय ५८ महिला र आठ अन्य गरी एक लाख १३ हजार एक सय ९५ मतदाता छन् । प्रदेशसभा १ (क) मा ३० हजार दुई सय ८४ पुरुष, ३० हजार चार सय ८५ महिला र आठ अन्य गरी ६० हजार सात सय ७७ मतादाता छन् । प्रदेश १ (ख) मा २७ हजार नौ सय ४५ पुरुष र २४ हजार चार सय ७३ महिला गरी ५२ हजार चार सय १८ मतदाता छन् ।

प्रतिनिधिसभा क्षेत्र नं २ मा ५१ हजार ३७ पुरुष, ४४ हजार तीन सय ५५ महिला र दुई अन्य गरी ९५ हजार तीन सय ९४ मतदाता रहेका छन् । प्रदेश २ (क) मा २६ हजार आठ सय २२ पुरुष, २३ हजार ९६ महिला गरी ४९ हजार नौ सय १८ मतदाता छन् । प्रदेश सभा २ (ख) २४ हजार दुई सय १५ पुरुष, २१ ह्जार दुई सय ५९ महिला र दुई अन्य गरी ४५ हजार चार सय ७६ मतदाता छन् ।

प्रतिनिधिसभा क्षेत्र नं ३ मा ५४ हजार आठ सय ३६ पुरुष, ५० हजार ५० महिला र ६ अन्य गरी एक लाख चार हजार आठ सय ९२ मतदाता छन् । प्रदेश ३ (क) मा २८ हजार ४४ पुरुष, २६ हजार दुई सय तीन महिला र तीन अन्य गरी ५४ हजार दुई ५० मतदाता छन् । प्रदेशसभा ३ (ख) २६ हजार सात सय ९२ पुरुष, २३ हजार आठ सय ४७ महिला र तीन अन्य गरी ५० हजार ६ सय ४२ मतदाता छन् ।

यसैगरी प्रतिनिधिसभा क्षेत्र नम्बर ४ मा ५३ हजार एक सय ८० पुरुष, ५१ हजार सात सय आठ महिला र पाँच अन्य गरी एक लाख चार हजार आठ सय ९३ मतदाता छन् । प्रदेश ४ (क) मा २७ हजार तीन सय २९ पुरुष, २८ हजार ४७ महिला र पाँच अन्य गरी ५५ हजार तीन सय ८१ मतदाता छन् । प्रदेशसभा ४ (ख) २५ हजार आठ सय ५१ पुरुष, २३ हजार ६ सय ६१ महिला गरी ४९ हजार पाँच सय १२ मतदाता छन् ।

स्थानीय तह सदस्य निर्वाचन सम्पन्न भएपछि आयोगले गत असार १ देखि मतदाता नामावली सङ्कलन सुरु गरेको थियो । सरकारले गत साउन १९ गते आगामी मङ्सिर ४ गतेका लागि देशभर एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन गर्ने निर्णय गरेको थियो । निर्वाचनको मिति घोषणा भएसँगै आयोगले साउन २० गतेदेखि मतदाता नामावली सङ्कलनको काम स्थगन गरेको थियो ।

सप्तरीमा मुख्य निर्वाचन अधिकृतको कार्यालयसहित चारवटै क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । जिल्लाको मुख्य निर्वाचन अधिकृतको कार्यालय प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं २ को राजविराज-७ स्थित खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको नवनिर्मित भवनमा राखिएको छ ।

यसैगरी निवार्चन क्षेत्र नं १ को सर्वोदय मावि कञ्चनरूपमा, क्षेत्र नं ३ को शम्भुनाथ नगरपालिका-७ को कार्यालय कठौना र क्षेत्र नं ४ को खडक नगरपालिकाको कार्यालय भवनमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ ।

# सशस्त्रका असई भारतमा मृत फेला



**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**

सप्तरीमा कार्यरत एक सशस्त्र प्रहरीका असईको छिमेकी मुलुक भारतको बिहार राज्यस्थित सुपौल जिल्लाको नयाँ बस्ती भन्ने स्थानमा बिहीबार शव फेला परेको छ ।

सप्तरीको छिन्नमस्ता गाउँपालिकास्थित सशस्त्र प्रहरी वेश क्याम्पमा दरबन्दी रहेको सिरहा जिल्ला निवासी ४० वर्षिय असई सत्यनारायण यादवको अर्धनग्न अवस्थामा शव फेला परेको सशस्त्र प्रहरी बल हेडक्वाटर गण नं. ६ का प्रहरी उपरिक्षक प्रदिप खडकाले जानकारी दिएका छन् ।

असई यादवको शव फेला परेको खबर प्राप्त भएपछि सशस्त्र प्रहरीका प्रहरी उपरिक्षक खड्कासहितको टोली घटनास्थल पुगि उनको शव लिई पोष्टमार्टमका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा पुऱ्याइएको छ ।

यता घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# सबै क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना

काठमाडौँ, २१ असोज (रासस) ।

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि सबै निर्वाचन क्षेत्रमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको स्थापना गरी सञ्चालनमा ल्याएको छ ।

आयोगले यही असोज २० गतेसम्ममा सबै क्षेत्रमा ती कार्यालय स्थापना गरिसक्ने कार्यतालिका बनाएकामा सोबमोजिम कार्य भएको आयोगका प्रवक्ता शालीग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५२१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

**हार्दिक मंगलमय शुभकामना**



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**

अध्यक्ष, तथा

समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.

संचालक समिति परिवार

राजविराज ८, सप्तरी

# बारा दुर्घटनाका बालक भन्छन्-बुबाको हात देखेर चिनेँ र मान्छेको थुप्रोबाट निकालेँ

हेटौँडा, २० असोज (रासस)।

जीतपुर-सिमरा उपमहानगरपालिकामा भएको बस दुर्घटनामा १६ जनाको मृत्यु भएको छ भने चालकसहित ३६ जना घाइते छन्।

उक्त बसमा सवार केही यात्रुमात्र सामान्य रहेका र धेरैको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। यही बसमा सवार १५ वर्षीय बालक हुन् विरोज पाखिन। बारा घर भएर मकवानपुरगढी बस्ने बिरोज मूलघरको टीका सकेर बिहानै बाराको अमलेखगञ्जमा रहेको घरमा पुग्न बिहान ५ बजे नै हेटौँडा बसपार्क पुगेका थिए। आफ्ना ४५ वर्षीय बुबा ललित पाखिनका साथ उनी बस कुर्दै थिए। दसैँका कारण थोरै सवारी र त्यसमा पनि खचाखच भरिएर आएका सवारी साधनका कारण तीन/चार घण्टा बसपार्कमा नै कुर्नुपर्‍यो। धेरैपछि नारायणगढबाट वीरगञ्जका लागि छुटेको बा ०६-००१ ख ०११० नं को बस बसपार्कमा आइपुग्यो र पाखिनका बुबा छोरा चढे। बस बीचबीचमा यात्रु चढाउँदै चुरियामाई मन्दिर नजिक पुगेर रोकियो। त्यहाँ पनि चार जना यात्रु बस चढे। त्यसको केहीबेरमा नै अगाडिबाट ब्रेक फेल भयो भन्ने आवाज आएको उनले सुने। बस चढेका चार यात्रु बस्न नपाउँदै अगाडिबाट बसको ब्रेक फेल भयो भन्ने आवाज सुनिएको उनले बताए।

टाउको र घुँडामा चोट लागेका विरोज भन्छन्, "ब्रेक फेल भयो भन्ने सुनेँ, गाडी यताउता गर्दै गुड्यो, त्यसपछि म त बगरमा पुगेको रहेछु।" गाडी पल्टेको थाहा नै नभएको बताउँदै उनी भन्छन्, "झसङ्ग भएर बुबालाई हेरेको देखिन। उहाँलाई मानिसको चेपमा देखेँ। चार जना मान्छे हटाएर बुबालाई तानेर निकालेँ। बुबालाई थिचेका वरपरका अरु यात्रु भने चलमल गर्नुभएको थिएन। उहाँहरुको बीचबाट बुबाको हात बाहिर निस्केको देखेर चिनेँ।"

बाहिर निकालेपछि प्रहरी आयो। प्रहरीको बसमा बुबासहित अरुलाई पनि हेटौँडाको अस्पतालमा ल्याएको विरोज बताउछन्। तर दुर्घटनाको कतिबेरपछि प्रहरी घटनास्थलमा पुग्यो भन्ने पत्तो नपाएको उनको भनाई छ। गम्भीर घाइते भएका कारण बिरोजका बुबा ललित पाखिनलाई भरतपुर लैजान एम्बुलेन्सको व्यवस्थापन गरिएको अस्पतालले जनाएको छ। उनका आफन्तहरु पनि सम्पर्कमा आएको उनले बताए।

त्यसैगरी अर्का घाइते ३५ वर्षीय बस चालक दिप्तनारायण ढकाल बसको ब्रेक फेल भएको थाहा पाएपछि बचाउने प्रयास गर्दागर्दै नसकेको बताउनुहुन्छ। उहाँले आफूले भने हामफालेर ज्यान जोगाएको बताउनुहुन्छ। नारायणगढबाट हेटौँडा हुँदै वीरगञ्जतर्फ गइरहेको बसमा यात्रु चढ्ने र झर्नेक्रम जारी रहेसँगै चुरियामाई मन्दिरमा पुग्दा मुसलधारे पानी परेको र त्यसलगत्तै बसको ब्रेक फेल भएको उहाँ बताउनुहुन्छ। ब्रेक फेल भएको गाडीलाई भित्तामा ठोक्काएर रोक्ने प्रयास गर्दागर्दै टाटासुमो, अटोरिक्सा र मोटरसाइकललाई छल्दै अघि बढ्दा भित्ता नभेटिएर दुर्घटना भएको उहाँको भनाई छ। उक्त क्रममा पुल नजिकै पुग्दा बसलाई नियन्त्रण गर्न सक्ने अवस्था नभएपछि आफू हाम फाल्न बाध्य भएको उहाँको भनाइ छ।

बाराका १८ वर्षीय युवक आर्यन भोम्जनले पनि एक्कासी बस तीव्र गतिमा गुडेको थाहा पाएपछि डर लागेको र अगाडिबाट झाडीतिर हाल, भित्तातिर हाल भनेको आवाज सुनेको बताउँछन्। पछाडिको सिटमा रहेका उनी होसमा छँदा चिच्याएको आवाज सुनेको र पछि भने आफैले होस नपाएको बताए। उनको हेटौँडास्थित चुरहिल अस्पतालमा उपचार भइरहेको छ। उहाँको हातको शल्यक्रियाको तयारी हुँदैछ।

**बसको ब्रेक फेल भएको प्रारम्भिक अनुसन्धान**

बिहान करिब १० बजे जितपुर सिमरा-२२ मा पर्ने तीन नम्बर पुल नजिक दुर्घटना भएको नारायणगढबाट पथलैयातर्फ जाँदै गरेको ०६-००१ ख ०१० नम्बरको बस ब्रेक फेल भएर दुर्घटना भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक मुनेन्द्र थापाले बताउनुभयो।

चालकसँग गरिएको अनुसन्धानका आधारमा बसलाई चालकले जोगाउन खोज्दाखोज्दै दुर्घटना भएको देखिएको उहाँको भनाई छ। बस चुरेमन्दिरबाट केही तल पुगेपछि ब्रेक फेल भएको र विभिन्न सवारीसाधन सडकमा गुडिरहेकोले उक्त सवारीसाधनहरुलाई जोगाउँदै गुड्दै गर्दा दुर्घटनामा परेको बुझिएको थापाको भनाई छ।

अहिलेसम्म हेटौँडा अस्पतालमा १२, चुरेहिल अस्पतालमा दुई, मकवानपुर सहकारी अस्पतालमा दुई र चितवनमा एक जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक वामदेव गौतमले जानकारी दिनुभयो। हेटौँडामा एम्बुलेन्सको कमी भएका कारण केही घाइतेहरुलाई भने निजी सवारी साधनमा थप उपचारका लागि पठाइएको बताइएको छ।

# पुरस्कार जित्दा जेलमा रहेका चार नोबेल शान्ति पुरस्कार विजेता

पेरिस, २१ असोज (रासस/एएफपी)।

सन् २०२१ को जुलाईमा जेल परेका बेलारुसका अधिकारकर्मी एलेस बियालियात्स्की जेलमा रहँदा नोबेल शान्ति पुरस्कार प्राप्त गर्ने चौथो पुरस्कार विजेता बन्नुभएको छ।

युद्ध अपराध र अधिकार हननको अभिलेखीकरणका लागि ६० वर्षीय बेलारूसी बियालियात्स्की, रुसको मेमोरियल समूह र युक्रेनको सेन्टर फर सिभिल लिबर्टीजलाई शुक्रबार नोबेल शान्ति पुरस्कार बिजेता घोषणा गरिएको हो।

बेलारुसको सबैभन्दा प्रमुख अधिकारवादी समूह भायास्नाका प्रमुख बेलारुसका शक्तिशाली नेता अलेक्जेन्डर लुकासेन्कोको शासनको दुरूपयोगको खाका तयार पार्ने प्रयासमा अग्रपङ्क्तिमा रहँदै आएको छ।

कर छलीको आरोपमा लुकासेन्कोको शासनको विरोधमा महिनौँसम्म व्यापक प्रदर्शन भएपछि उहाँलाई पक्राउ गरिएको थियो। पक्राउलाई उनलाई चुप गराउने प्रयासको रूपमा हेरेका थिए।

**-कार्ल भोन ओसिट्स्की, जर्मनी-**

सन् १९३५ मा नोबेल शान्ति पुरस्कार जित्दा पत्रकार तथा शान्तिवादी कार्ल भोन ओसिट्स्की नाजी यातना शिविरमा कैदमा हुनुहुन्थ्यो। उहाँ जेलमा रहेका कारण पुरस्कार ग्रहण गर्न ओस्लो जान सक्नुभएको थिएन।

एडोल्फ हिटलरका विरोधीहरूमाथि छापा मारेर तीन वर्षअघि पक्राउ परेका भोन ओसिट्स्की यो प्रतिष्ठित पुरस्कार प्राप्त गर्ने विश्वका सत्ताशीन नेताको आलोचना गर्ने पहिलो आलोचक हुनुहुन्थ्यो।

नर्वेजियन नोबेल समितिको निर्णयबाट क्रुद्ध एडोल्फ हिटलरले सबै जर्मन नागरिकलाई कुनै पनि श्रेणीको नोबेल पुरस्कार स्वीकार गर्न प्रतिबन्ध लगाएका थिए।

ओसिट्स्कीले आफ्नो प्रमाणपत्र र नोबेल स्वर्ण पदक लिन असमर्थ भए तापनि एक जर्मन वकिलले उहाँको परिवारलाई सुटुक्क उनको पुरस्कारको रकम लिने व्यवस्था गरेका थिए। ओसिट्स्कीको सन् १९३८ मा जेलमा नै रहेका बेला मृत्यु भएको थियो।

**-आङ सान सूकी, म्यानमार-**

म्यान्मारकी अपदस्थ नेत्री तथा प्रजातन्त्रवादी नेता सुकीले सन् १९९१ को नोबेल शान्ति पुरस्कार जित्नुभएको थियो। पुरस्कृत हुँदा उहाँ प्रजातन्त्र समर्थक विपक्षीहरूमाथि देशको सैन्य नेतृत्वले गरेको दमनको एक भागको रूपमा नजरबन्दमा पर्नुभएको थियो।

'प्रजातन्त्र र मानव अधिकारका लागि अहिंसात्मक सङ्घर्षका लागि सम्मानित' सुकीले ओस्लोको यात्रा गरेमा म्यानमार फर्कन नपाइने डर व्यक्त गर्नुभएको थियो।

सन् १९९१ को पुरस्कार समारोहमा उहाँको प्रतिनिधित्व उहाँका पति र उहाँका दुई छोराले गरेका थिए। साङ्केतिक रूपमा, उहाँको अनुपस्थितिलाई चिह्नित गर्न मञ्चमा एउटा खाली कुर्सी राखिएको थियो।


सन् २०१० मा रिहा भएपछि

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)

Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत: गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

डेंगुबाट बचौं
- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु
यस्ता लक्षणाहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।
छिन्नमस्ता गाउँपालिका
छिन्नमस्ता, सप्तरी

# उम्मेदवारले मनोनयन पत्रसाथ संलग्न गर्नुपर्ने कागजात

काठमाडौँ, २१ असोज (रासस) ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यतर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि यही असोज २३ गते उम्मेदवारको मनोनयन पत्र दर्ता कार्यक्रम हुँदैछ । उक्त निर्वाचनका लागि यही असोज २० गतेसम्ममा सबै निर्वाचन क्षेत्रमा मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यलय स्थापना भइसकेको छ ।

उक्त निर्वाचनमा भाग लिने उम्मेदवारले मनोनयन पत्र दर्ता गर्दा मतदाता नामावली ऐन, २०७३, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४, प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४, प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४, प्रदेशसभा सदस्य निर्वाचन नियमावली, २०७४, प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ र निर्वाचन आचारसंहिता, २०७९ बमोजिम मनोनयन पत्रका साथ विभिन्न कागजात पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

निर्वाचन आयोगका अनुसार, मनोनयन पत्रका साथ उम्मेदवारको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचय पत्रको प्रतिलिपि, प्रतिनिधिसभाको सदस्य उम्मेदवारको हकमा कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र प्रदेशसभा सदस्य उम्मेदवारको हकमा सम्बन्धित प्रदेशको कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा पेश गर्नुपर्नेछ ।

उम्मेदवारी दिँदा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको भए त्यस्तो पदबाट राजीनामा दिएको निस्सासमेत संलग्न हुनुपर्ने आयोगका प्रवक्ता शालीग्राम शर्मा पौडेलद्वारा हस्ताक्षर भएको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

उम्मेदवार हुने व्यक्तिले आफ्नो तर्फबाट निर्वाचन प्रतिनिधि तोकी उम्मेदवारी मनोनयन गर्ने भएमा प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा २४ सँग सम्बन्धित अनुसूची-११ बमोजिमका प्रतिनिधि मुकरर गरेको फारम पेश गर्न पर्ने आयोगले जनाएको छ ।

प्रचलित कानुनबमोजिम योग्यता पुगेको व्यक्तिले मनोनयन पत्र दर्ता गर्दा वा गराउँदा प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ८ बमोजिम र प्रदेशसभा सदस्यको लागि प्रदेशसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ८ बमोजिम अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको एक जनाले प्रस्ताव र अर्को एक जनाले समर्थन गरेर विवरण भरी सहीछाप गरेको मनोनयनपत्र पेश गर्नुपर्नेछ ।

दलको तर्फबाट उम्मेदवारी दिएको भए उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको त्यस्तो दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको पदाधिकारीले प्रदान गरेको प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को अनुसूची-७ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र हुनुपर्नेछ तर एकल चुनाव चिह्न लिई संयुक्तरुपमा निर्वाचनमा सहभागी दलको हकमा प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को अनुसूची-७ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र पेश गर्नुपर्ने प्रावधान छ ।

प्रतिनिधिसभा सदस्यका उम्मेदवारका लागि रु १० हजार र प्रदेशसभा सदस्य उम्मेदवार हुनका लागि रु पाँच हजार सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा धरौटी जम्मा गरेको रसिद वा भौचर, तर महिला र दलित वा अल्पङ्ख्यक समुदाय वा आर्थिकरुपले विपन्न उम्मेदवारको हकमा सो धरौटी रकममा ५० प्रतिशत छुट हुनेछ ।

आर्थिकरूपले विपन्न भएकाको हकमा सम्बन्धित स्थानीय तहले आर्थिकरुपमा विपन्न भनी सिफारिस गरेको पत्र संलग्न हुनुपर्नेछ । आयोगका अनुसार, उम्मेदवार हुने व्यक्तिले प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा १८ सँग सम्बन्धित अनुसूची-६ बमोजिमको स्वघोषणा पत्र पेश गर्न पर्नेछ ।

उम्मेदवार हुने व्यक्तिले प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा २१ सँग सम्बन्धित अनुसूची-९ बमोजिमको ढाँचामा आफ्नो चल, अचल सम्पत्ति, बैंक तथा वित्तीय संस्थामा रहेको खाता, धितोपत्र, शेयर, ऋणपत्र, कसैलाई ऋण दिएको वा लिएको भए त्यसको समेत सम्पूर्ण विवरण उल्लेख गरी सिलबन्दी रूपमा पेश गरेको सम्पत्ति विवरण हुनुपर्नेछ ।

आयोगका अनुसार, उम्मेदवार हुने व्यक्तिले प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा १० सँग सम्बन्धित अनुसूची-१० बमोजिम आफू प्रचलित नियम कानुनअनुसार उम्मेदवार हुन योग्य भनी भरिएको वैयक्तिक विवरण फारमसमेत संलग्न हुनुपर्नेछ ।

आयोगले उम्मेदवार हुने व्यक्तिले आफू निर्वाचित, मनोनीत वा नियुक्त भएको निकायबाट कुनै पनि प्रकारको पेश्की लिएको भए सो पेश्की फछ्र्योट भएको बेहोराको निस्सासमेत समावेश गर्न भनेको छ । लेखापरीक्षणबाट कुनै पनि उम्मेदवारको नाममा किटानीसाथ असुलउपर गर्नुपर्ने भनी कायम भएको बेरुजु भए सो बेरुजु फछ्र्योट गरेको निस्सा पनि पेश गर्नुपर्नेछ । निर्वाचन आचारसंहिता, २०७९ को अनुसूची-३ बमोजिमको प्रतिबद्धतापत्र समेत संलग्न गर्नुपर्ने आयोगका प्रवक्ता पौडेलले बताउनुभयो ।

## पुरस्कार जित्दा ...

उहाँले सन् २०१२ मा नोबेलमा आफ्नो परम्परागत व्याख्यान दिनुभएको थियो । त्यसपछि सन् २०२१ को फेब्रुअरीमा भएको सैन्य 'कू' का क्रममा उहाँलाई पुनः पक्राउ गरिएको थियो । थुप्रै आरोपहरूको सामना गर्दै उहाँ आफ्नो बाँकी जीवन जेलमा बिताउने जोखिम मोलिरहनुभएको छ ।

**-लिउ जियाओबो, चीन-**

जेलमा रहेका चिनियाँ अधिकारकर्मीले सन् २०१० को नोबेल शान्ति पुरस्कार जित्नुभएको थियो । विध्वंसको अभियोगमा उहाँ ११ वर्षको जेल सजाय काटिरहनुभएको थियो ।

'चीनमा मौलिक मानव अधिकारका लागि लामो र अहिंसात्मक सङ्घर्ष' का लागि सम्मानित लिउको कुर्सी सांकेतिक रूपमा रित्तो छोडियो र कुनै पुरस्कार प्रदान गरिएन ।

पुरस्कार घोषणापछि उहाँकी पत्नी लिउ जियालाई नजरबन्दमा राखिएको थियो र उहाँका तीन भाइलाई चीन छोड्नबाट रोक लगाइएको थियो ।

सन् २०१७ को जुलाईमा ६१ वर्षको उमेरमा चीनको एक अस्पतालमा कलेजोको क्यान्सरका कारण उहाँको मृत्यु भएको थियो ।

# कांग्रेसले यस वर्ष चियापान नगर्ने

काठमाडौँ, २१ असोज (रासस) ।

नेपाली कांग्रेसले बडादसैं, शुभ दीपावली र छठलगायत पर्वका अवसरमा प्रत्येक वर्ष कोजाग्रत पूर्णिमाका दिन गर्दै आएको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम यसपटक नहुने भएको छ ।

विसं २०३३ मा जननायक बिपी कोइराला राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्केपछि २०३४ सालदेखि प्रत्येक वर्ष कोजाग्रत पूर्णिमाको दिनमा चियापान कार्यक्रम गरी शुभकामना आदान-प्रदान गर्ने परम्परा थियो ।

यस वर्ष आगामी मङसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य पदको निर्वाचनका लागि कोजाग्रत पूर्णिमाकै दिन असोज २३ गते नै पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत उम्मेदवारहरूले उम्मेदवारी मनोनयन गर्नुपर्ने भएकाले यस वर्षको चियापान नगरिने पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले शुक्रबार जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।

बिपीपछि यो परम्परालाई

*बाँकी अन्तिम पृष्ठमा*


## हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण पालिकावासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विद्यानन्द चौधरी**

**अध्यक्ष**

**तथा**

**छिन्नमस्ता गाउँपालिका परिवार**

**छिन्नमस्ता, सप्तरी**


# विश्व समाचार

## नोबेल शान्ति पुरस्कार बेलारूस, रूस र युक्रेनका मानव अधिकारवादीलाई दिने घोषणा

ओस्लो, २१ असोज (रासस/एएफपी) ।

युद्ध अपराध र अधिकार उल्लङ्घनका घटनाको अभिलेखीकरणका लागि काम गरेबापत बेलारुसका मानव अधिकारवादी एलेस बियालियात्स्की, रुसको मेमोरियल समूह र युक्रेनको सेन्टर फर सिभिल लिबर्टीजलाई नोबेल शान्ति पुरस्कार प्रदान गरिएको छ ।

समितिले सन् २०२१ देखि बेलारुसको जेलमा रहेका बियालियात्स्कीको रिहाइको माग गरेको छ ।

"उनीहरूले युद्ध अपराध, मानव अधिकार उल्लङ्घन र शक्तिको दुरूपयोगलाई दस्तावेजीकरण गर्न उत्कृष्ट प्रयास गरेका छन् । नर्वेजियन नोबेल कमिटीका प्रमुख बेरिट रीस एन्डरसनले भन्नुभयो, "उनीहरूले मिलेर शान्ति र लोकतन्त्रका लागि नागरिक समाजको महत्वलाई दर्शाएका छन् ।

गत वर्षको शान्ति पुरस्कारले प्रेस स्वतन्त्रताका दुई विजेता फिलिपिन्सकी पत्रकार मारिया रेसा र उनका रुसी सहकर्मी दिमित्री मुरातोभलाई सम्मान गरेको थियो ।

यो पुरस्कारमा स्वर्ण पदक, प्रमाणपत्र र १० मिलियन स्वीडिश क्रोनर (करिब नौ लाख अमेरिकी डलर) को पुरस्कार राशि रहेको छ ।

सन् १८९६ मा स्वीडिस आविष्कारक तथा परोपकारी अल्फ्रेड नोबेलको निधन भएको दिन डिसेम्बर १० मा ओस्लोमा आयोजित एक औपचारिक समारोहमा सो पुरस्कार प्रदान गरिनेछ ।

रीस-एन्डरसनले बियालियात्स्की उपस्थित हुन सक्षम हुने आशा व्यक्त गर्नुभएको छ ।

उहाँले भन्नुभयो, "हामी आशा गर्छौं । उहाँ ओस्लोमा आउनुहुनेछ र सम्मान प्राप्त गर्नुहुनेछ ।" शान्ति पुरस्कार ओस्लोबाट प्रदान गरिएको एक मात्र नोबेल पुरस्कार हो, अन्य विधाहरू स्टकहोमबाट घोषणा गरिएको छ ।

वर्ग र लिङ्गको व्यक्तिगत अनुभवमा आधारित भ्रामक सरल उपन्यासका लागि चिनिएकी फ्रान्सेली लेखिका एनी एर्नाक्सले बिहीबार साहित्यतर्फको नोबेल पुरस्कार जित्नुभएको थियो ।

सन् १९०१ यता ११९ जना साहित्य पुरस्कार विजेतामध्ये उहाँ १७ औँ महिला हुनुहुन्छ । यस वर्षको अर्थ शास्त्रतर्फको नोबेल पुरस्कार सोमबार घोषणा हुने समितिले बताएको छ ।

## पाकिस्तानमा आगलागी हुँदा सातको मृत्यु

इस्लामाबाद, २१ असोज (रासस/सिन्ह्वा) ।

पाकिस्तानको पञ्जाब राज्यमा आगलागीमा परी कम्तीमा सात व्यक्तिको मृत्यु भएको छ ।

पञ्जाबको फैसलाबाद सहरको एक आवासीय भवनमा शुक्रबार आगलागी हुँदा कम्तीमा सात जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका पाकिस्तानी प्रहरीले पुष्टि गरेको छ ।

सहरको कारखाना बजार क्षेत्रमा रहेको भवनको माथिल्लो तलामा विद्युत् चुहावट हुँदा भएको आगलागीका कारण दुर्घटना भएको हो ।

उद्धारकर्मीका अनुसार उक्त भवनमा करिब ३४ जना बस्दै आएका थिए । मृत्यु हुनेमा दुई बालक र दुई बालिका रहेका छन् भने एक बालिका बेपत्ता भएको र बेपत्ता बालिकाको खोजी कार्य जारी रहेको उद्धारकर्मीले बताएका छन् ।

## रूसी ऊर्जा क्षेत्रमा ईयूको थप दबाबका लागि जेलेन्स्कीद्वारा आग्रह

कीभ, युक्रेन, २१ असोज (रासस/एएफपी) ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनमाथिको आक्रमणलाई लिएर युरोपेली सङ्घ (ईयू) ले मस्कोमाथि नयाँ चरणको प्रतिबन्ध लगाएको एक दिनपछि शुक्रबार ब्रसेल्सलाई रुसको ऊर्जा क्षेत्रमा दबाब बढाउन आह्वान गर्नुभएको छ ।

जेलेन्स्कीले प्रागमा आयोजित ईयू शिखर सम्मेलनलाई सम्बोधन गर्दै भन्नुभयो, "आक्रमणकारी राज्यको आयको मुख्य स्रोत रुसी ऊर्जा क्षेत्रमा दबाबको दिशामा अघि बढ्नुपर्छ ।"

उहाँले मस्कोमाथि नयाँ प्रतिबन्ध लगाएकोमा ईयूप्रति आभार प्रकट गर्नुभयो । उहाँले प्रतिबन्धले आयात/निर्यात प्रतिबन्धलाई विस्तार गरेको छ र चार युक्रेनी क्षेत्रहरूमा रूसको कब्जाको कारण थप केही व्यक्तिहरूलाई कालोसूचीमा राखेको छ ।

जेलेन्स्कीले युक्रेनको जापोरिजझिया आणविक ऊर्जा केन्द्रलाई 'असैन्यीकरण' गर्न कीभको आह्वान पनि दोहोऱ्याउनुभयो । यो युरोपको सबैभन्दा ठूलो आणविक केन्द्र हो ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले यसै साता दक्षिणी युक्रेनमा रहेको उक्त प्लान्टको सञ्चालन आफ्नो सरकारलाई लिन आदेश दिनुभएको थियो ।

जेलेन्स्कीले भन्नुभयो, "यो रूसी सैन्य उपकरणहरूको बारेमा मात्र होइन, प्लान्टबाट सबै सैनिकहरू हटाउने बारेमा पनि हो ।" उहाँले आणविक सुरक्षाका लागि र युक्रेनका लागि निर्यातका लागि पर्याप्त बिजुली हुनु आवश्यक रहेको बताउनुभयो ।

# मधेस प्रदेशसभाको पाँच वर्ष : ५५ विधेयक पारित, नाम र राजधानीको टुङ्गो महत्वपूर्ण उपलब्धि

धनुषा, २१ असोज (रासस) ।

मधेस प्रदेश प्रदेशसभाको पाँच वर्षको अवधिमा नौ वटा अधिवेशनबाट ५५ वटा विधेयक पारित भएका छन् । मधेस प्रदेशका सभामुख सरोजकुमार यादवले शुक्रबार पाँच वर्षको उपलब्धिबारे जानकारी दिँदै प्रदेशसभाको नौ वटा अधिवेशनमा दुई सय २८ बैठक, तीन सय ११ घण्टा १८ मिनेट ५६ सेकेन्ड सभा सञ्चालन भएको र प्रदेशसभामा दर्ता भएको ६१ वटा विधेयकमध्ये ५५ वटा पारित भई प्रदेश प्रमुखबाट प्रमाणीकरणसमेत भएको जानकारी दिनुभयो ।

उहाँले पारित हुन बाँकी छ विधेयक विचाराधीन अवस्थामा प्रदेशसभा सचिवालयमा रहेको बताउनुभयो । प्रदेशसभाको पहिलो बैठकबाट प्रदेशसभा कार्य सञ्चालन आन्तरिक कार्यविधिको रूपमा ‘प्रदेशसभा कार्य सञ्चालन नियमावली, २०७५’ पारित गरी सभाको सञ्चालन एवं कामकारबाही व्यवस्थित हुँदै आएको सभामुख यादवले जानकारी दिनुभयो ।

सभामुख यादवले विचाराधीनमध्ये पाँच विधेयक विभिन्न समितिमा छलफल गरी प्रतिवेदन सभामा पेश गर्ने अवस्थामा रहेको भए पनि नवौँ अधिवेशन अन्त्य भइसकेकाले उक्त प्रतिवेदन पेश हुन नसकेको जानकारी दिनुभयो । प्रदेशसभाले आफ्नो कामकारबाही व्यवस्थित गर्न सात विषयगत समिति गठन गर्नुका साथै समय समयमा विशेष समिति गठन गरी आफ्नो कामकारबाही प्रभावकारी रूपमा व्यवस्थित गर्दै आएको सभामुख यादवले दाबी गर्नुभयो ।

प्रदेशसभाले सरकारको छ नीति तथा कार्यक्रम, छवटा बजेट र दुई पटक विश्वासको मतको सम्बन्धमा छलफल गरी निर्णय गर्नुका साथै यसै अवधिमा प्रदेशको राजधानी र नामको प्रस्ताव २०७८ माघ ३ गते दुई तिहाइभन्दा बढी मतले पारित भएको जानकारी दिनुभयो । सभामुख यादवले प्रदेशसभाको आफ्नो र सुविधा सम्पन्न भवन नभएका कारणले कोरोना महामारीपछि प्रदेशसभाको बैठकमा पत्रकार तथा सर्वसाधारणलाई प्रवेश गराउन नसकिएको स्वीकार गर्दै नयाँ भवनको निर्माण भएपछि सबै कुराको व्यवस्था हुने बताउनुभयो ।

नेपालको संविधान जारी भएपछि २०७४ साल मङ्सिर १० र २१ गते सम्पन्न प्रदेशसभा निर्वाचनपश्चात् निर्वाचित भएका प्रदेशसभा सदस्यको २०७४ साल माघ ७ गते सपथ भएर सोही महिनाको २१ गते प्रदेशसभाको पहिलो बैठकबाट प्रदेशसभाको कार्य थालनी भएको सभामुख यादवले जानकारी दिनुभयो ।

# अयोध्याबाट आइपुग्यो रामराज्य रथ यात्रा

जलेश्वर, २१ असोज (रासस) ।

भगवान् श्री रामचन्द्रको जन्मभूमि अयोध्याबाट शुक्रबार ‘राम राज्य रथ यात्रा’ महोत्तरीको सदरमुकाम जलेश्वरमा आएको छ । श्रीरामदास मिसनको आयोजनामा भारत एवं नेपालको ६० दिने यात्राका लागि निस्केको ‘श्रीरामजीको दिग्विजय यात्रा’ शुक्रबार जलेश्वर आइपुगेको हो ।

अलौकिक रथ एवं सयौँ साधु, सन्त, महात्मासहित महोत्तरीको प्रमुख भन्सार नाका भिट्ठामोड आइपुगेको रथ यात्रालाई जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनारले फूल, माला, अबिरसहित स्वागत गर्दै विशेष पूजा तथा प्रसाद ग्रहणका लागि बाबा जलेश्वरनाथको मन्दिरमा लगेका छन् । भारत र नेपालको आध्यात्मिक एवं सांस्कृतिक सम्बन्ध सुदृढ गर्नु, आपसी भाइचारा बढाउनु र रामसीताको भएर हामीले सधैँ रामसीताको आदर्श अपनाएर जीवन व्यतीत गर्नु/गराउनु प्रमुख उद्देश्यका साथ जलेश्वर आइपुगेको यस रथ यात्रा जलेश्वरनाथ महादेवको दर्शनपश्चात् शुक्रबारै जनकपुरधाम लगिने छ ।

नेपालको जलेश्वर, जनकपुर, हेटौँडा, नारायणघाट र काठमाडौँसम्म जाने यस यात्रा नेपालमा आठ दिनसम्म विभिन्न मठमन्दिरमा दर्शन एवं पूजाअर्चना गर्नेछन् । यही असोज १८ गते अयोध्याको राम मन्दिरबाट साधुसन्तको लावालस्करका साथ आरम्भ भएको यस रथ यात्राले ६० दिनसम्म नेपाल र भारतको विभिन्न २७ ठाउँको भ्रमण गर्नेछन् भने १५ हजार किलोमिटरसम्म यात्रा गर्नेछन् ।

# उम्मेदवारले स्वघोषणा गर्नुपर्ने विषय सार्वजनिक

काठमाडौँ, २१ असोज (रासस) ।

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि उम्मेदवारले स्वःघोषणा गर्नुपर्ने बुँदा सार्वजनिक गरेको छ ।

यही असोज २३ गते उम्मेदवारीको मनोनयनपत्र दर्ताको कार्यक्रम रहेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ मा भाग लिने उम्मेदवारले प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा १८ बमोजिम स्वःघोषणा गर्नुपर्ने व्यवस्था गरिएको छ ।

आयोगका प्रवक्ता शालीग्राम शर्मा पौडेलले शुक्रबार विज्ञप्ति जारी गरी उम्मेदवारले आफू नेपालको संविधानप्रति पूर्ण निष्ठावान रहेको, २५ वर्ष उमेर पूरा भएको नेपाली नागरिक भएको, प्रतिनिधिसभा सदस्य निर्वाचनको हकमा कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र प्रदेशसभा सदस्य निर्वाचनको हकमा सम्बन्धित प्रदेशको गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको स्वघोषणा गर्नुपर्नेछ ।

यस्तै उम्मेदवारले कुनै सङ्घीय कानुनले अयोग्य नभएको, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल नरहेको, सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने गरी कुनै लाभको पद धारण नगरेको स्वघोषणा गर्नुपर्ने जनाइएको छ ।

यसैगरी, निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (३) बमोजिम कारबाही नभएको, प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७९ तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ को समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारको लागि कुनै दलको बन्दसूचीमा नाम नरहेको, प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७९ तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ का लागि अन्य कुनै पनि निर्वाचन क्षेत्रमा उम्मेदवारको लागि मनोनयन पत्र पेश नगरेको स्वघोषणा गर्नुपर्नेछ ।

साथै कुनै पनि सरकारी निकायलाई कुनै जिन्सी वा नगदी बुझाउन बाँकी नरहेको, सरकारी पेश्की, बेरुजु तिर्न बुझाउन बाँकी नरहेको, संविधानको धारा २९१ बमोजिम विदेशको स्थायी आवासीय अनुमतिपत्र (डिभी/पीआर) नलिएको भन्ने उम्मदवारले कबुल गर्नुपर्नेछ ।

यस्तै न्यायिक वा अर्धन्यायिक निकायबाट लागेको कैद सजाय, जरिवाना तिर्न बुझाउन बाँकी नरहेको, प्रचलित कानुनबमोजिम कुनै सरकारी निकायलाई बुझाउनुपर्ने कर, राजस्व, शुल्क, दस्तुर तिर्न बुझाउन बाँकी नरहेको, निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता पूर्णरूपमा पालना गर्ने प्रतिबद्ध रहेको, नेपालको संविधान, कानुन र निर्वाचन ऐन, नियमभित्र रही निर्वाचनमा भाग लिन प्रतिबद्ध रहेको, आफू उम्मेदवार भएको पदमा निर्वाचित भएको अवस्थामा मनोनयन पत्र साथ सिलबन्दी रूपमा पेश गरेको सम्पत्ति विवरण निर्वाचन आयोगबाट सार्वजनिक गर्न मञ्जुरी रहेको प्रतिज्ञा पनि उम्मेदवारले गर्नुपर्नेछ ।

उपरोक्तानुसारको स्वःघोषणा प्रत्येक उम्मेदवारले आफ्नो मनोनयन पत्र साथ पेश गर्नुपर्ने भएकाले मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको लागि यही मिति २०७९ असोज २३ गते बिहान १० बजेदेखि अपराह्न ५ बजेसम्म सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा मनोनयन दर्ता गर्नुपर्ने आयोगले स्पष्ट पारेको छ ।

### *कांग्रेसले यस ...*

सर्वोच्च नेता गणेशमान सिंह, पूर्वसभापतिहरू कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला र वर्तमान सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले निरन्तरता दिँदै आउनुभएको थियो ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

➢ विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा विज्ञापनदाताको नाम, ठेगाना र आधिकारिकता सुनिश्चित गरौं।
➢ अनधिकृत विज्ञापन प्रकाशन तथा प्रसारण नगरौं।
➢ विज्ञापन प्राप्त गर्न अनुचित दवाव र प्रभाव नपारौं।
➢ निर्धारित समय र स्थानमै विज्ञापन प्रकाशन तथा प्रसारण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
iPay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*